(यस पछि "मूल आदेश" भनिएको) को दफा २ को खण्ड (ङ) को सट्टा देहाएको खण्ड (ङ) राखिएकोछ :-

"(ङ) "मन्त्रालय" भन्नाले कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सम्झनु पर्छ ।"

३. **मूल आदेशको दफा ७ मा संशोधन** : मूल आदेशको दफा ७ मा रहेका "नेपाल सरकारको" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयको" भन्ने शब्द राखिएकोछ ।

## सूचना -२

## केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३

केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०७३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२ को दफा ३ मा संशोधन** : केन्द्रीय कानून पुस्तकालय विकास समिति (गठन) आदेश, २०५२ (यस पछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (२) को खण्ड (ख), (घ) र (ङ) को सट्टा देहायका खण्ड (ख), (घ) र (ङ) राखिएका छन् :-





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ख) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(घ) नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय -सदस्य

(ङ) प्रतिनिधि, (रा. प. प्रथम श्रेणी) शिक्षा मन्त्रालय -सदस्य"

३. **मूल आदेशको दफा ८ मा संशोधन :** मूल आदेशको दफा ८ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरूको सट्टा "अर्थ मन्त्रालयले" भन्ने शब्दहरू राखिएका छन् ।

४. **मूल आदेशको दफा १२ मा संशोधन :** मूल आदेशको दफा १२ मा रहेका "कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

५. **मूल आदेशको दफा १३ मा संशोधन :** मूल आदेशको दफा १३ मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरूको सट्टा "कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
कमलशाली घिमिरे
नेपाल सरकारको सचिव



९००
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग